# नेपाल विद्युत प्राधिकरणबाट अबकाश भई निबृत्तिभरण पाइरहेका पूर्व कर्मचारीहरुलाई निबृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउने बारेको जरुरी सूचना :

(प्रथम पटक प्रकाशित मिति : २०७७।१०।२६)

यस नेपाल विद्युत प्राधिकरणबाट सेवानिबृत्त भई प्रचलित कर्मचारी सेवाशर्त विनियमावली बमोजिम मासिकरुपमा निबृत्तिभरण पाइरहेका पूर्व कर्मचारीहरुलाई आ-आफ्नो निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा बुक) सहित यस केन्द्रीय भुक्तानी महाशाखामा निबृत्तिभरण पाइरहेका पूर्व कर्मचारी स्वयं वा पूर्व कर्मचारीको पति/पत्नीले निबृत्तिभरण पाइरहेको भए सो अनुसार सम्बन्धित व्यक्ति उपस्थित भई २०७७ साल फागुन महिनाभित्र निबृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउनु हुन अनुरोध गरिएको छ।

अब उप्रान्त निबृत्तिभरण पाउने पूर्व कर्मचारी वा सम्बन्धित व्यक्तिले हरेक आर्थिक बर्षको प्रत्येक ३/३ महिना (आश्विन, पौष, चैत्र र असार) मा आफूले निबृत्तिभरण भुक्तानी लिने कार्यालयमा सम्पर्क राखी आ-आफ्नो निबृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउनु पर्नेछ। चालू आ.ब. २०७७/०७८ को फागुन महिनामा निबृत्तिभरण अधिकार पत्र अद्यावधिक गराएका व्यक्तिले कुनै आकस्मिक अवस्था परेमा बाहेक २०७८ असार महिना र तत्पश्चात माथि उल्लेख गरिएबमोजिम प्रत्येक ३/३ महिना आ-आफ्नो निबृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउनु पर्नेछ।

उल्लेखित अवधिभित्र निबृत्तिभरण अधिकार पत्र अद्यावधिक नगराएमा निबृत्तिभरण रोक्का हुने र निबृत्तिभरण पाउने व्यक्ति स्वयं उपस्थित भई विवरण अद्यावधिक गराएपछि मात्र निबृत्तिभरण फुकुवा हुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ।

२०७७।१०।२६

नेपाल विद्युत प्राधिकरण
केन्द्रीय भुक्तानी महाशाखा,
रत्नपार्क, काठमाण्डौं।
फोन नं. ४१५३१२३/४१५३३०३

www.gorkhapatraonline.com
गोरखापत्र
राष्ट्रिय
२ | २०७७ साल माघ २७ गते मङ्गलबार
2021 February 9 Tuesday

## नेपाल विद्युत प्राधिकरणबाट अवकाश भई निवृत्तिभरण पाइरहेका पूर्व कर्मचारीहरूलाई निवृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउने बारेको जरुरी सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७७।१०।२७)**

यस नेपाल विद्युत प्राधिकरणबाट सेवा निवृत्त भई प्रचलित कर्मचारी सेवा सर्त विनियमावली बमोजिम मासिक रूपमा निवृत्तिभरण पाइरहेका पूर्व कर्मचारीहरूलाई आ-आफ्नो निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा बुक) सहित यस केन्द्रीय भुक्तानी महाशाखामा निवृत्तिभरण पाइरहेका पूर्व कर्मचारी स्वयं वा पूर्व कर्मचारीको पति/पत्नीले निवृत्तिभरण पाइरहेको भए सो अनुसार सम्बन्धित व्यक्ति उपस्थित भई २०७७ साल फागुन महिनाभित्र निवृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउनुहुन अनुरोध गरिएको छ।

अब उप्रान्त निवृत्तिभरण पाउने पूर्व कर्मचारी वा सम्बन्धित व्यक्तिले हरेक आर्थिक वर्षको प्रत्येक ३/३ महिना (आश्विन, पौष, चैत्र र असार) मा आफूले निवृत्तिभरण भुक्तानी लिने कार्यालयमा सम्पर्क राखी आ-आफ्नो निवृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउनुपर्नेछ। चालू आ.व. २०७७/०७८ को फागुन महिनामा निवृत्तिभरण अधिकार पत्र अद्यावधिक गराएका व्यक्तिले कुनै आकस्मिक अवस्था परेमा बाहेक २०७८ असार महिना र तत्पश्चात माथि उल्लेख गरिए बमोजिम प्रत्येक ३/३ महिनामा आ-आफ्नो निवृत्तिभरण अधिकार पत्र अद्यावधिक गराउनुपर्नेछ।

उल्लेखित अवधिभित्र निवृत्तिभरण अधिकार पत्र अद्यावधिक नगराएमा निवृत्तिभरण रोक्का हुने र निवृत्तिभरण पाउने व्यक्ति स्वयं उपस्थित भई विवरण अद्यावधिक गराएपछि मात्र निवृत्तिभरण फुकुवा हुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

**नेपाल विद्युत प्राधिकरण**
केन्द्रीय भुक्तानी महाशाखा
रत्नपार्क, काठमाडौं।
फोन नं. ४१५३१२३/४१५३३०३